राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## केन्द्रीय कार्यालय

मिति: २०८२।०४।२२

**यस बैंकको तह ४ सहायक र सहायक (नगद) पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिका लागि एकिकृत पूर्वयोग्यता परीक्षा सम्बन्धी सूचना ।**

यस बैंकको तह ४ **को सहायक स्तरका** पदहरु लगायत अन्य संगठित संस्थाको खरिदार वा सो सरहको पदहरुका लागि आ.व. २०८२।८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा लोक सेवा आयोगबाट नै सञ्चालन हुने सम्बन्धी सूचना लोक सेवा आयोगको सूचना नं. १६३७०८१/०८२, मिति २०८२।०३।२० मा प्रकाशित भएको । सो सम्बन्धमा यस बैंकको मिति २०८२।०४।०५ को सूचना मार्फत जानकारी गराईएकोमा थप स्पष्ट पार्नका लागि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम यस बैंकबाट आ.व. २०८२।०८३ देखि प्रकाशन हुने **तह ४, सहायक र सहायक (नगद)** पदको विज्ञापनमा दरखास्त फाराम भर्न यस बैंकको कर्मचारी सेवा विनियमावली, २०७० मा भएको व्यवस्था अनुसारको शैक्षिक योग्यता ***(दश जोड दुई वा सो सरहको योग्यता हासिल गरेको)*** र अन्य प्रावधानका अलावा लोक सेवा आयोगको उल्लेखित सूचना बमोजिम लोक सेवा आयोगबाट सञ्चालन हुने एकीकृत पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र समेत आवश्यक पर्ने भएकोले यस बैंकको **तह ४, सहायक र सहायक (नगद)** पदमा रहि सेवा गर्न इच्छुक उम्मेदवारहरुलाई लोक सेवा आयोगबाट खुला प्रतियोगितात्मक लिखित परीक्षाको पूर्वयोग्यता परीक्षाको लागि मिति २०८२।०४।०७ गते, सुचना नं. ४०।०८२-८३ मार्फत प्रकाशित विज्ञापन नं. १६६५१/०८२-८३ बमोजिम दरखास्त पेश गर्नुहुन अनुरोध गर्दै सम्बन्धित सबैको जानकारीका लागि पदपूर्ति समितिको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:** लोक सेवा आयोगको मिति २०८२।०३।२० को सूचना, मिति २०८२।०४।०७ मा प्रकाशित विज्ञापन र एकीकृत पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम लोक सेवा आयोगको वेवसाईट www.psc.gov.np र यस बैंकको वेवसाईट www.rbb.com.np मा समेत उपलब्ध छ ।

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

# लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

## सङ्गठित संस्थाको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पूर्वयोग्यता परीक्षाको विज्ञापन

**सूचना नं. ४०/०८२-८३** **प्रकाशन मितिः २०८२।४।७**

लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) नियम २३क. को उपनियम (१) मा भएको व्यवस्था बमोजिम आयोगबाट पदपूर्तिका लागि सहमति प्राप्त गरी विज्ञापन प्रकाशन गर्ने सङ्गठित संस्थाहरूको लागि अप्राविधिकतर्फका सहायकस्तर द्वितीय, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको लागि लिइने पूर्वयोग्यता परीक्षा प्रयोजनको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली **psconline1.psc.gov.np** मार्फत् आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | पूर्व योग्यता परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| १. | १६६५१/०८२-८३ | सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह | २०८२ असोज ४ गते, दिनको २:०० बजे देखि |

**परीक्षाको किसिमः-** लिखित परीक्षा।

**न्यूनतम योग्यताः-** लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) को नियम २३क. (१०) बमोजिमको योग्यता पुरा गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्.एल्.सी. वा सो सरह उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस्.एल्.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ।**

**परीक्षा केन्द्रः-** आयोग मातहतका परीक्षा सञ्चालन गर्ने कार्यालयहरू (इलाम, धनकुटा, खोटाङ, जलेश्वर, हेटौंडा, काठमाडौं, पोखरा, वागलुङ, बुटवल, दाङ, सुर्खेत, जुम्ला, दिपायाल र महेन्द्रनगर)

**दरखास्त दस्तुरः-** रू.२००।- (दुई सय)

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०४/२७ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२/०५/०३ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-**

- ☞ २०८२/०४/२७ गतेसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- ☞ कुनै पनि सङ्गठित संस्थाको सेवामा बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन। तर मूल परीक्षाको लागि विज्ञापन प्रकाशन हुँदाका बखत सम्बन्धित सङ्गठित संस्थामा कार्यरत कर्मचारी बाहेक अन्यको हकमा उमेर हद लाग्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगदसमेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा मिति २०८२/०५/०४ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

**दरखास्त पेश गर्दा ध्यान दिनु पर्ने कुराहरू :-**

(क) लोक सेवा आयोगको मिति २०८२/३/१९ को निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ देखि सङ्गठित संस्थातर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह (अप्राविधिक) पदमा दरखास्त पेश गर्नको लागि अनिवार्य रूपमा पूर्वयोग्यता परीक्षा उत्तीर्ण गरी सो को प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन।

(ग) विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) एकपटक आयोगको अनलाइन (Online) दरखास्त प्रणालीमा व्यक्तिगत विवरण (Profile) बनाई Master ID प्राप्त गरिसकेका उम्मेदवारहरूले सोही Master ID प्रयोग गरी दरखास्त पेश गर्नु पर्नेछ।

(ङ) परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि संशोधन नहुने हुँदा आवेदन पेश गर्नुपूर्व उम्मेदवार पूर्ण विश्वस्त भई परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ।

(च) पूर्वयोग्यता परीक्षा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरूले मात्र सो प्रमाणपत्रको आधारमा प्रमाणपत्र जारी भएको मितिले १ (एक) वर्ष भित्र कुनैपनि सङ्गठित संस्थाबाट प्रकाशन हुने विज्ञापनमा दरखास्त पेश गर्न पाउनेछन्। यसरी दरखास्त पेश गर्दा सम्बन्धित सङ्गठित संस्थाको नियमावली, विनियमावली र प्रचलित कानूनद्वारा तोकिएको न्यूनतम योग्यता पुरा गरेको हुनुपर्नेछ।

(छ) लोक सेवा आयोगबाट सञ्चालित परीक्षामा आयोगद्वारा तोकिएका परीक्षा सम्बन्धी शर्तको उल्लंघन गरी निलम्बनमा रहेका उम्मेदवारहरू निलम्बनको अवधिभर पूर्वयोग्यता परीक्षामा उम्मेदवार हुन पाइनेछैन।

(ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरू हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(झ) विज्ञापन प्रकाशन गर्ने सङ्गठित संस्थाबाट तोकिएका शर्त, आधार र मापदण्ड पालना गर्ने कर्तव्य दरखास्त पेश गर्ने उम्मेदवार स्वयंको हुनेछ।

(ञ) पूर्वयोग्यता परीक्षामा ओ.एम.आर. (OMR) उत्तरपुस्तिकाको प्रयोग हुनेछ।

(ट) परीक्षामा परीक्षार्थीले कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय

मिति: २०८२।०४।०५

## यस बैंकको तह ४ सहायक र सहायक (नगद) पदमा खुला प्रतियोगिताबाट पदपूर्तिका लागि एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस बैंकको तह ४ को **सहायक स्तरका** पदहरु लगायत अन्य संगठित संस्थाको खरिदार वा सो सरहको पदहरुका लागि आ.व. २०८२।८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा लोक सेवा आयोगबाट नै सञ्चालन हुने सम्बन्धी लोक सेवा आयोगको सूचना नं. १६३७०८१/०८२, मिति २०८२।०३।२० को सूचना यसै साथ संलग्न छ ।

लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम यस बैंकबाट आ.व. २०८२।०८३ देखि प्रकाशन हुने **तह ४, सहायक र सहायक (नगद)** पदको विज्ञापनमा दरखास्त फाराम भर्न यस बैंकको कर्मचारी सेवा विनियमावली, २०७० मा भएको व्यवस्था अनुसारको शैक्षिक योग्यता *(दश जोड दुई वा सो सरहको योग्यता हासिल गरेको)* र अन्य प्रावधानका अलावा लोक सेवा आयोगको उल्लेखित सूचना बमोजिम लोक सेवा आयोगबाट सञ्चालन हुने एकीकृत पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र समेत आवश्यक पर्ने भएकोले यस बैंकको **तह ४, सहायक र सहायक (नगद)** पदमा रहि सेवा गर्न इच्छुक उम्मेदवारहरुलाई लोक सेवा आयोगबाट सञ्चालन हुने उक्त एकिकृत पूर्वयोग्यता परीक्षा सम्बन्धी विज्ञापनमा सहभागिताका लागि अनुरोध गर्दै सम्बन्धित सबैको जानकारीका लागि पदपूर्ति समितिको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:** लोक सेवा आयोगको उल्लेखित सूचना र एकीकृत पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम लोक सेवा आयोगको वेवसाईट www.psc.gov.np र यस बैंकको वेवसाईट www.rbb.com.np मा समेत उपलब्ध छ ।

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

Central Office: Singha Durbar Plaza, G.P.O. Box 8368, Kathmandu, Phone: 4252595, Fax: 4252931, E-mail: central.office@rbb.com.np, Web site : rbb.com.np, SWIFT: RBBANPKA

# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

कमलपोखरी,काठमाडौं

सूचना नं. १६३७/०८१-८२, मिति २०८२/३/२०

## सङ्गठित संस्थाहरूको एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन हुने सम्वन्धी सूचना

लोक सेवा आयोगबाट सञ्चालन हुने सङ्गठित संस्थाहरूको लिखित परीक्षालाई अझै बढी प्रभावकारी बनाउने क्रममा आयोगले लोक सेवा आयोग नियमावली, २०७९ को नियम २३क. को उपनियम (१) मा भएको व्यवस्था बमोजिम **आयोगबाट पदपूर्तिका लागि सहमति प्राप्त गरी विज्ञापन गर्ने सङ्गठित संस्थाको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको लागि आ.व. २०८२/८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन गर्ने** गरी आयोगबाट मिति २०८२/०३/१९ मा निर्णय भएको छ।

लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) को नियम २३क. को उपनियम (४) मा विभिन्न सङ्गठित संस्थामा एकै तह वा श्रेणीका लागि फरक फरक सेवा, समूह, उपसमूह, शैक्षिक योग्यता, अनुभव, सीप तथा पदनाम तोकिएको भए तापनि यस नियम बमोजिम लिइने पूर्वयोग्यता परीक्षाको लागि सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको लागि एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिने प्रावधान समेत उल्लेख छ। सोही नियमावलीको नियम २३क. को उपनियम (२) मा पूर्वयोग्यता परीक्षाको लागि आवश्यक पाठ्यक्रम आयोगले स्वीकृत गरी सार्वजनिक गर्नु पर्नेछ भन्ने प्रावधान बमोजिम सबै सङ्गठित संस्थाको **सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको** लागि पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम आयोगबाट मिति २०८२/०२/२७ मा स्वीकृत भई आयोगको वेवसाईट www.psc.gov.np मार्फत सार्वजनिक समेत भईसकेको छ। एकीकृत पूर्वयोग्यता परीक्षा सम्वन्धी सूचना (विज्ञापन) प्रकाशन, दरखास्त व्यवस्थापन, परीक्षा सञ्चालन तथा व्यवस्थापन लगायतका कार्य आगामी आर्थिक वर्षदेखि आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका बमोजिम आयोगबाटै सञ्चालन हुने र आयोगबाट लिईएको पूर्वयोग्यता परीक्षामा सफल भई सोही नियमको उपनियम (८) बमोजिम प्रमाणपत्र प्राप्त गरेका उम्मेदवार मात्र सोही नियमको उपनियम (९) बमोजिम प्रमाणपत्र जारी गरेको मितिले एक वर्षभित्र सम्बन्धित संगठित संस्थाबाट प्रकाशित हुने पदपूर्ति सम्बन्धी विज्ञापनको सम्बन्धित सेवा, समूह, उपसमूहका पद, श्रेणी वा तहमा दरखास्त पेश गर्नका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

....................
(एकनारायण शर्मा)
उपसचिव

**लोक सेवा आयोग**

**सङ्गठित संस्थाका पदपूर्तिको लागि आयोगबाट लिइने सबै सङ्गठित संस्थाका (अप्राविधिक) चौथो तह वा सहायकस्तर द्वितीय श्रेणी, सहायक द्वितीय वा सो सरह पदको खुला प्रतियोगितात्मक पूर्व योग्यता परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखाः–** एकीकृत परीक्षा प्रणाली (Unified Examination System) को आधारमा निम्नानुसारको पूर्व योग्यता परीक्षा (Preliminary/Pre-Qualifying Examination) हुनेछ ।

## परीक्षा योजना (Examination Scheme)

| पत्र /विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या × अङ्क | समय |
|---|---|---|---|---|---|
| सामान्य ज्ञान, व्यवस्थापन, गणित र सेवा सम्बन्धी (General Awareness, Management, Mathematics & Service Related) | १०० | ४५ | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न × २ अङ्क | ४५ मिनेट |

**द्रष्टव्य :**

१. एकीकृत परीक्षा प्रणालीका आधारमा सङ्गठित संस्थाका पदपूर्तिको लागि आयोगबाट लिइने सबै सङ्गठित संस्था वा एक भन्दा बढी सङ्गठित संस्थाका (अप्राविधिक) चौथो तह वा सहायकस्तर द्वितीय श्रेणी, सहायक द्वितीय वा सो सरह पदको खुला प्रतियोगितात्मक पूर्व योग्यता परीक्षाको लागि अनिवार्य हुनेछ ।

२. प्रश्नपत्रको माध्यम भाषा नेपाली वा अंग्रेजी वा दुवै हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

५. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा तोकिए अनुसार हुनेछ ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएता पनि पाठ्यक्रममा परेका संविधान, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा तीन महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. पूर्व योग्यता परीक्षा (Pre-Qualifying Examination) बाट छनौट भएका उम्मेदवारलाई मात्र सङ्गठित संस्थाका पदपूर्तिको लागि आयोगबाट लिइने मूल परीक्षा (Main Examination) मा सम्मिलित गराइनेछ ।

८. पूर्व योग्यता परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई एक बर्षको लागि प्रमाणपत्र प्रदान गरिनेछ ।

९. **पाठ्यक्रम स्वीकृत मिति : २०८२/०२/२७**

**लोक सेवा आयोग**

**सङ्गठित संस्थाका पदपूर्तिको लागि आयोगबाट लिइने सबै सङ्गठित संस्थाका (अप्राविधिक) चौथो तह वा सहायकस्तर द्वितीय श्रेणी, सहायक द्वितीय वा सो सरह पदको खुला प्रतियोगितात्मक पूर्व योग्यता परीक्षाको पाठ्यक्रम**

**पत्र/विषय :-**

**सामान्य ज्ञान, व्यवस्थापन, गणित र सेवा सम्बन्धी**

(General Awareness, Management, Mathematics & Service Related)

**(५० बहुवैकल्पिक प्रश्न × २ अङ्क = १०० अङ्क)**

1. **भूगोल, वातावरण र जनसंख्या (१० अङ्क)**
   - 1.1 विश्वको भूगोल (महादेश, महासागर, अक्षांश, देशान्तर, पर्वतश्रृंखला, नदी र ताल) सम्बन्धी सामान्य ज्ञान
   - 1.2 नेपालको भूगोल सम्बन्धी ज्ञान (भौगोलिक अवस्था, धरातलीय विशेषता, भौगोलिक स्वरूप, प्राकृतिक स्रोत र साधनहरू, हावापानी र जनजीवन)
   - 1.3 पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिर्वतन, वातावरण व्यवस्थापन, जनसंख्या, शहरीकरण, बसोवास सम्बन्धी ज्ञान

2. **इतिहास र संस्कृति (१० अङ्क)**
   - 2.1 विश्वका महत्वपूर्ण ऐतिहासिक घटनाहरू सम्बन्धी सामान्य ज्ञान
   - 2.2 नेपालको इतिहास (किराँतकाल, लिच्छविकाल, मध्यकाल, आधुनिक इतिहास) का महत्वपूर्ण घटनाहरू, सामाजिक एवं सांस्कृतिक अवस्था सम्बन्धी ज्ञान
   - 2.3 नेपालको सामाजिक पक्षहरू लगायत परम्परा, मूल्य र मान्यता, धर्म, संस्कृति, जात/जाति, भाषा, खेलकुद, कला र साहित्य सम्बन्धी ज्ञान

3. **आर्थिक पक्ष र विकास (१० अङ्क)**
   - 3.1 नेपालका आर्थिक परिसूचकहरू (आर्थिक वृद्धि, कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय आय, प्रति व्यक्ति आय, चालू खाता, भुक्तानी सन्तुलन (Balance of Payment), शोधनान्तर स्थिति, विप्रेषण, वैदेशिक लगानी र वैदेशिक सहयोग) सम्बन्धी सामान्य ज्ञान
   - 3.2 नेपालमा कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, उर्जा र पूर्वाधार विकासको विद्यमान अवस्था सम्बन्धी सामान्य ज्ञान
   - 3.3 नेपालमा योजनाबद्ध विकास र चालू आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू

4. **शासन पद्धति र संविधान (१० अङ्क)**
   - 4.1 कानूनको अर्थ, महत्व र कानूनका स्रोतहरू
   - 4.2 नेपालको संवैधानिक विकास
   - 4.3 नेपालको संविधान (भाग १ देखि ५ सम्म र अनुसूचीहरू)
   - 4.4 नेपालको शासन पद्धति तथा संघ, प्रदेश र स्थानीय सरकार
   - 4.5 लोकतन्त्र, मानव अधिकार, आवधिक निर्वाचन र वालिग मताधिकार

5. **अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय संघ/संस्था (१० अङ्क)**
   - 5.1 भारत, चीन, बेलायत, अमेरिका, रुस, फ्रान्स, जापान र अन्य सार्क मुलुकसँग नेपालको सम्बन्ध
   - 5.2 संयुक्त राष्ट्र सङ्घ (UNO): स्थापना, उद्देश्य, अङ्ग, विशिष्टीकृत संस्था र गतिविधि
   - 5.3 दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC) : स्थापना, उद्देश्य, अङ्ग र गतिविधि
   - 5.4 बिमस्टेक (BIMSTEC), आसियान (ASEAN), युरोपियन युनियन (EU), विश्व बैंक (WB), अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), एशियाली विकास बैंक (ADB), एशियाली पूर्वाधार लगानी बैंक (AIIB), साफ्टा (SAFTA) सम्बन्धी ज्ञान

6. **विज्ञान प्रविधि, जनस्वास्थ्य र समसामयिक गतिविधिहरू (१० अङ्क)**
   - 6.1 वैज्ञानिक मापन (Measurement), मापन पद्धति र एकाई सम्वन्धी ज्ञान
   - 6.2 मानव जीवन र समाजमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नवीनतम गतिविधि
   - 6.3 कम्प्युटर र यसको प्रयोग, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामान्य ज्ञान
   - 6.4 जनस्वास्थ्य, रोग, खाद्य, पोषण, सरसफाई, दैनिक जीवनमा प्रयोग हुने वस्तुहरू (साबुन, प्लाष्टिक, रेसा, काँच, मल र कीटनाशक औषधी) सम्बन्धी ज्ञान
   - 6.5 राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक घटना एवं गतिविधि सम्वन्धी ज्ञान

7. **कार्यालय तथा सार्वजनिक व्यवस्थापन (Office & Public Management) (१० अङ्क)**
   - 7.1 कार्यालय (Office) : परिचय, महत्व, कार्य र प्रकार
   - 7.2 कार्यालयमा सञ्चारको महत्व, किसिम र साधन
   - 7.3 कार्यालय कार्यविधि (Office Procedure) : पत्र व्यवहार (Correspondence), दर्ता र चलानी (Registration & Dispatch), फाइलिङ (Filing), परिपत्र (Circular), तोक आदेश (Order) र टिप्पणी
   - 7.4 अभिलेख व्यवस्थापन (Record Management)
   - 7.5 सार्वजनिक व्यवस्थापनमा निर्देशन, नियन्त्रण, समन्वय, निर्णय प्रक्रिया, उत्प्रेरणा र नेतृत्व सम्वन्धी ज्ञान
   - 7.6 सार्वजनिक सेवा प्रवाहको अर्थ, सेवा प्रवाह गर्ने निकाय, तरिका र माध्यमहरू
   - 7.7 सार्वजनिक बडापत्र (Public Charter) : महत्व र आवश्यकता
   - 7.8 विद्युतीय शासन प्रणाली (E-governance) को सामान्य परिचय
   - 7.9 मानवीय मूल्य र मान्यता (Human Values and Beliefs), नागरिक अधिकार, कर्तव्य र दायित्व (Civil Rights, Duties & Responsibilities) तथा अनुशासन (Discipline)

8. **व्यवहारिक गणित (Applied Mathematics) (१० अङ्क)**
   - 8.1 गणितका आधारभूत क्रियाहरू (Fundamental Operations in Mathematics), ऐकिक नियम (Unitary Method), भिन्न र दशमलव (Fraction & Decimal), प्रतिशत (Percentage), अनुपात र समानुपात (Ratio & Proportion), नाफा र नोक्सान (Profit & Loss), कर र कमिशन (Tax & Commission), साधारण ब्याज र मिश्रित ब्याज (Simple Interest & Compound Interest), औसत/मध्यक (Average/Mean), संभाव्यता (Probability)

9. **सार्वजनिक संस्थान (Public Enterprises) सम्वन्धी ज्ञान (२० अङ्क)**
   - 9.1 सार्वजनिक संस्थानको अवधारणा, विकासक्रम, उद्देश्य र महत्व
   - 9.2 नेपालमा सार्वजनिक संस्थानको वर्गीकरण र क्षेत्रगत अवधारणा
   - 9.3 सार्वजनिक संस्थानको विद्यमान अवस्था र गतिविधि
   - 9.4 संस्थागत सुशासन र संस्थागत सामाजिक उत्तरदायित्व
   - 9.5 आर्थिक विकासमा सार्वजनिक संस्थानको भूमिका
   - 9.6 सार्वजनिक संस्थानको निजीकरण र विश्वव्यापीकरण
   - 9.7 सार्वजनिक संस्थानको मानव संशाधन व्यवस्थापन सम्वन्धी सामान्य ज्ञान
   - 9.8 बजेट, लेखा प्रणाली, लेखापरीक्षण र वित्तीय साक्षरता सम्वन्धी सामान्य ज्ञान
   - 9.9 नेपालको वित्तीय नियामक निकाय (नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण र धितोपत्र बोर्ड) सम्वन्धी सामान्य ज्ञान

… …

(In English)

**Paper/Subject:**
**(General Awareness, Management, Mathematics & Service Related)**
**(50 MCQs × 2 Marks = 100 Marks)**

**1. Geography, Environment and Population (10 marks)**

1.1 General knowledge about the geography of the world (continents, oceans, latitude, longitude, mountain range, rivers and lakes)
1.2 Knowledge about the geography of Nepal (geographical location, terrestrial features/topography, natural resources, climate and life)
1.3 Knowledge about environment, biodiversity, sustainable development, climate change, environmental management, population, urbanization, settlement

**2. History and Culture (10 marks)**

2.1 General knowledge about important historical events of the world
2.2 Knowledge about important events, social and cultural conditions in the history of Nepal (Kiranta period, Lichchhavi period, Medieval period, Modern history)
2.3 Knowledge about Nepal's social aspects including traditions, norms and values, religions, cultures, castes/ethnicities, languages, sports, arts and literature

**3. Economic Aspects and Development (10 marks)**

3.1 General knowledge about Nepal's economic indicators (economic growth, gross domestic product, national income, per capita income, current accounts, balance of payment, remittance, foreign investment and foreign aid)
3.2 General knowledge about the present status of agriculture, industry, trade, tourism, transportation, communication, education, health, energy and infrastructure development in Nepal
3.3 Planned development in Nepal and long-term vision, goals, objectives and strategies of the current periodic plan

**4. Governance and Constitution (10 marks)**

4.1 Meaning, importance and sources of laws
4.2 Constitutional development of Nepal
4.3 The Constitution of Nepal (Parts 1 to 5 and Schedules)
4.4 Nepal's governance system and federal, provincial and local governments
4.5 Democracy, human rights, periodic election and adult franchise

**5. International Affairs and International Institutions/Organizations (10 marks)**

5.1 Nepal's relations with India, China, Britain, America, Russia, France, Japan and other SAARC countries
5.2 United Nations: Establishment, Objectives, Organs, Specialized Agencies and Activities
5.3 South Asian Association for Regional Cooperation (SAARC) : Establishment, Objectives, Organs and Activities

5.4 Knowledge about BIMSTEC, ASEAN, European Union, World Bank, International Monetary Fund, Asian Development Bank, Asian Infrastructure Investment Bank, SAFTA

**6. Science Technology, Public Health and Current Affairs (10 marks)**

6.1 Knowledge about scientific measurement, measurement systems and units
6.2 Major scientific inventions and latest activities that have a direct impact on human life and society
6.3 General knowledge about computer and its applications, and Knowledge and communication technology
6.4 Knowledge about public health, diseases, food, nutrition, sanitation, materials used in daily life (soaps, plastics, fibers, glasses, fertilizers and pesticides)
6.5 Current events and activities of national and international importance of science technology, public health and current affairs

**7. Office and Public Management (10 marks)**

7.1 Office: introduction, importance, functions and types
7.2 Importance, types and means of communication in office
7.3 Office procedures: letter-correspondence, registration and dispatch, filing, circulars, orders and Tippani/memo
7.4 Records management
7.5 Knowledge related to directing, control, coordination, decision-making process, motivation and leadership in public management
7.6 Meaning of public service delivery, service delivery bodies, methods and means
7.7 Public charter: importance and necessity
7.8 General introduction to E-governance system
7.9 Human values and beliefs, civic rights, duties and responsibilities and discipline

**8. Applied Mathematics (10 marks)**

8.1 Fundamental operations in mathematics, unitary method, fraction and decimal, percentage, ratio and proportion, profit and loss, tax and commission, simple interest and compound interest, average/mean, probability

**9. Knowledge about Public Enterprises (20 marks)**

9.1 Concept, development, objectives and importance of public enterprises
9.2 Classification and sectoral concept of the public enterprises in Nepal
9.3 Current status and activities of the public enterprises in Nepal
9.4 Corporate governance and corporate social responsibility (CSR)
9.5 Roles of public enterprises in economic development
9.6 Privatization and globalization of public enterprises
9.7 General knowledge about human resource management of public enterprises
9.8 General knowledge about budget, accounting system, auditing system and financial literacy
9.9 General knowledge about financial regulatory authorities of Nepal (Nepal Rastra Bank, Nepal Insurance Authority, Securities Board of Nepal)